चा.लु. आ.व. २०७७/०७८ मा संघीय सरकारका कार्यालयहरु, प्रादेशिक सरकारका कार्यालयहरु तथा स्थानीय तहहरु बाट संचालित तथा सम्पादित विकास निर्माणका कार्यहरु लगायत समग्र जिल्लाको समसामायिक विषयहरुको सन्दर्भमा सबै पालिका प्रमुख/अध्यक्ष र सुरक्षा निकायका प्रमुखहरु एवं सरोकार वालाहरु समेतको समेतको उपस्थितिमा बसेको बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरी निर्णय गरियो :-

**निर्णय नं. १**

यस जिल्लाका स्थानीय तहका प्रमुख/उप-प्रमुख बीच समन्वय कायम गरी जिल्लामा रहेका विभिन्न समस्या सामाधान गर्न र एक स्थानीय तह तथा अर्को स्थानीय तहबीच सहयोग आदान प्रदान तथा पारस्पारिक एवं सौहार्द किसिमको व्यवहार प्रवर्द्धन गर्न जिल्ला समन्वय समिति प्रमुख ज्यूको संयोजकत्वमा प्रत्येक महिनाको ३ गते स्थानीय स्तरमा एक समन्वय बैठक आयोजना गर्ने ।

**निर्णय नं. २**

निर्णय न. १ मा उल्लेखित निर्णय कार्यान्वयन गर्न २०७८ साल बैसाख ३ गते विहान ११: ०० बजे छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरीमा समन्वयात्मक बैठक बस्ने ।

**निर्णय नं. ३**

हावाहुरीका कारण आगलागी लगायतका समस्या आई विपद्को समस्या सृजना हुन सक्ने मौसम भएको हुँदा सबै स्थानीय तहहरुले आगलागी हुन नदिन, आ- आफ्नो क्षेत्रमा चेतनामूलक कार्यक्रम संचालन गर्ने । सप्तरी जिल्ला हुदै बग्ने नदी/खोलाहरुको बाढिको कारण डुवानमा पर्ने संभावना भएका क्षेत्रमा सम्बन्धित निकायबाट बाँध बाध्ने लगायतका काम भइरहेको हुँदा त्यस्ता काममा शिघ्रता दिन सम्बन्धित सबैले आवश्यक सहजिकरण गर्ने । डुवानको संभावित स्थलको पहिचान गरी उक्त स्थानमा प्रभावितको व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहले आवश्यक मात्रामा सेड तयार गर्ने ।

**निर्णय नं. ४**

संघ तथा प्रदेश स्तरका कार्यालयले स्थानीय स्तरमा गरेका विकास निर्माणको कार्य संचालन गर्दा सम्बन्धित स्थानीय तहको समन्वयमा काम गर्ने र भएगरेका कामको प्रतिवेदन स्थानीय तहलाई उपलब्ध गराउने ।

**निर्णय नं. ५**

सबै स्थानीय तहलाई आ-आफ्नो क्षेत्रमा रहेका प्रदेश तथा स्थानीय तहका कार्यालयबीच समन्वय गर्न प्रत्येक महिनामा बैठक आयोजना गर्ने र आ-आफ्नो मातहत रहेका कार्यालयको कम्तिमा महिनामा १ पटक अनुगमन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ६**

हिंसा पीडित महिला तथा अनाथ बालवालिकाको व्यवस्थापन गर्न राजबिराज नगरपालिकाको संयोजकत्वमा सेफ हाउस निर्माण गर्ने यसको समन्वय सबै स्थानीय तहले मिलाउने ।

प्रमुख

**निर्णय नं. ७**

यस जिल्लामा मित्र राष्ट्र भारत संग सीमा क्षेत्र भएका स्थानीय तहहरुमा सीमा क्षेत्रमा हुने विकृति, विसंगति निर्मूल गर्न सम्बन्धित स्थानीय तहको नेतृत्वमा एक "नागरिक निगरानी समुह" गठन गर्ने । गठन हुने निगरानी समुहको जानकारी जिल्ला समन्वय समिति र स्थानीय प्रशासनलाई जानकारी गराउने ।

**निर्णय नं. ८**

बिश्व व्यापी रुपमा फैलिएको कोभिड–१९ हालको बर्तमान अवस्थाको दृष्टि गर्दा महकमारी फैलिन सक्ने सम्भावना देखिएकोले सभा, गोष्ठी, सेमिनार धार्मिक गतिविधि, धेरै मान्छे जमघट हुने खालको गतिविधी संचालन नगर्ने साथै सामाजिक दुरी कायम गर्ने , साबुन पानिले हाथ धुने र सेनिटाईजर प्रयोग गर्ने गरी नेपाल सरकार द्धारा निर्धारित स्वास्थ्य प्रोटोकलको पालना गर्ने ।

**निर्णय नं. ९**

आउदो चैते दशैं र होलि पर्व (फागू पूर्णिमा) लाई मध्य नजर गरि घर–घर मैं बसी मनाउने व्यवस्था मिलाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

**निर्णय नं. १०**

यस अधि डिजे र लाउड स्पीकर नियन्त्रण र नियमनको सन्दर्भमा भएका निर्णय कार्यान्वयन गर्न तदारुकताका साथ कडाई गर्न स्थानीय तह र स्थानीय प्रशासनलाई अनुरोध गर्ने ।

**निर्णय नं. ११**

प्राकृतिक स्रोत र सम्पदाहरुको अवैध रुपमा उत्खन्न तथा संकलन गर्न सबै स्थानीय तहले रोक लगाउने यसको लागि निरिक्षण अनुगमन गरी नियन्त्रण गर्ने व्यवस्था जिल्ला अनुगमन समितिले गर्ने । जिल्ला प्रहरी कार्यालयले मातहतका निकायलाई यस्तो कार्य भएको पाएमा तत्काल कारवाही गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १२**

बलान खोलाबाट भई रहेको नदि कट्टान नियन्त्रणको सम्बन्धित निकायले कार्यक्रम समयमै सम्पन्न गर्न विशेष ध्यान दिने ।

**निर्णय नं. १३**

राष्ट्रिय परिचयपत्र स्थानीय तहहरुमा संचालन भई रहेको हुदाँ उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न वडा कार्यालय र स्थानीय तहले मिलाउने । उक्त कार्यक्रम सञ्चालन भएका स्थानीय तह तथा वडा समितिको कार्यालयले खटिएका कर्मचारीहरुलाई व्यवस्थापन आवश्यक सहयोग गरि दिने र त्यहा प्रयोग भएका सामाग्री सुरक्षित रुपमा राख्न आवश्यक व्यवस्था मिलाउने ।

प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय, सप्तरी
राजविराज
२ नं प्रदेश, नेपाल
२०७२